'सुखी खुशी समृद्ध इच्छाकामना, कृषि, पर्यटन र पूर्वाधार विकास हाम्रो चाहना'

# इच्छाकामना गाउँपालिका

द्वारा आ.व. २०८०/०८१ को दोस्रो चौमासिकमा प्रवाह गरिएको सेवा सम्बन्धमा

# सार्वजनिक सुनुवाई कार्यक्रम-२०८०

**कुरिनटार, चितवन**

**२०८० चैत २९ गते बिहिबार**




## कार्यक्रम सम्पन्नताको प्रतिवेदन

**प्रतिवेदन तयार पार्ने**

**चित्र बहादुर गुरुङ**

**सहजकर्ता**

ईच्छाकामना ब्रोडकास्टिङ्ग मिडिया प्रा. लि.
Ichchhakamana Broadcasting Media Pvt.Ltd.
इच्छाकामना गाँउपालिका-४, चितवन, फोन नं. ९८५६०४६४५३, ९८१७१०२९९३

**आयोजक**

इच्छाकामना गाउँपालिका
चितवन

## भूमिका

लामो समय देखि नेपालमा कुनैपनि सरकारी कार्यालयको काम, कारवाही तथा सेवालाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन सर्वसाधरण नागरीक बिच सार्वजनिक सुनुवाई गराउनुपर्ने व्यवस्था गरेको छ । सु-शासन व्यवस्थापन तथा सञ्चालन ऐन २०६४ को धारा ३० मा यस्तो व्यवस्था गरिएको छ । यसका साथै नेपालको संविधान २०७२ को धारा २७ मा व्यवस्था गरिएको सूचनाको हकमा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्न र पाउने हकको सुनिश्चित गरिएको छ । यस्तै सुशासन व्यवस्थापन तथा नियमावली २०६५ मा कुनैपनि सरकारी निकायले प्रत्येक कम्तिमा ४/४ महिनामा सार्वजनिक सुनुवाइ गर्नुपर्ने व्यवस्था गरेको छ । सार्वजनिक सुनुवाई कार्यक्रममा विशेषत सेवाग्राही समक्ष प्रतिबद्धता जनाएका कुराहरु पूरा गर्न कार्यालयले गरेका प्रयासहरु बारे जानकारी दिने, सेवाग्राहीले सेवा प्राप्त गर्दा कम खर्चिलो ढंगबाट पाउने व्यवस्था गर्नको लागि, कार्यालयको सेवा पारदर्शी समावेशी तथा जनसहभागितामुलक बनाई त्यसको प्रतिफल सर्वसाधारण नागरिकलाई उपलब्ध गराउने व्यवस्था गराउनको लागि सार्वजनिक सुनुवाई गराउनुपर्ने हुन्छ । यसका लागि पछिल्लो समय स्थानीय सरकार स्थापना भएपछि स्थानीय सरकार जनताप्रति झनै उत्तरदायी र जवाफदेही हुनु पर्ने भएको छ । यी नै अवस्था र आवश्यकतालाई नै ख्याल गरेर चितवनको इच्छाकामना गाउँपालिकाले निरन्तर सार्वजनिक सुनुवाई कार्यक्रम विगत देखि नै गर्दै आईरहेको छ । यस पटक पनि आर्थिक वर्ष २०८०/०८१ को दोस्रो चौमासिकमा गाउँपालिकाले प्रवाह गरेको सेवाको सम्बन्धमा यहि मिति २०८० साल चैत २९ गते बिहिबारको दिन सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरेको हो ।

## उद्देश्य

१. सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुको मुख्य उद्देश्य इच्छाकामना गाउँपालिकाबाट आर्थिक वर्ष २०८०/०८१ को दोस्रो चौमासिकमा सेवाग्राहीहरुलाई उपलब्ध गराईएका सेवा सुविधाहरुबारे जानकारी दिने नै हो ।

२. गाउँपालिकाबाट सेवा लिने सेवाग्राहीको गुनासो, समस्या तथा उजुरीको विषयमा सम्बोन्धन गर्न ।

३. गाउँपालिकाबाट हालसम्म भएका तथा चालु आर्थिक वर्षमा सञ्चालनमा रहेका योजना, परियोजना, कार्यक्रम बजेटका बारेमा सर्वसाधरणलाई जानकारी दिन ।

## कार्यक्रमको तयारी

आर्थिक वर्ष २०८०/०८१ को दोस्रो चौमासिकमा कार्यालयले गरेको सेवा प्रवाह, बजेट कार्यक्रम योजना लागयतका सन्दर्भमा सर्वाजनिक सुनुवाई कार्यक्रम गर्ने र कार्यक्रमको सहजिकरणको काम इच्छाकामना ब्रोडकाष्टिङ मिडिया प्रा.लि.ले जिम्मेवारी लिने/दिने निर्णय भयो । यस्तै कार्यक्रम सम्पन्न गर्न गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत चन्द्रकान्त बस्नेतसँग आवश्यक समन्वय गर्ने गरी तयारी गरियो । सहज रुपमा कार्यक्रम सम्पन्नताको लागि आवश्यक तयारी स्वरुप अध्यक्ष, जनप्रतिनिधी, प्रमुख प्रशासकिय अधिकृत एवं सम्बन्धितहरुसँग छलफलहरु गरियो । यस पटक पनि सेवा ग्राहीसँग सुझाव लिने उद्देश्यका साथ सेवाग्राहीसँग मत सर्वेक्षणका लागि गाउँपालिका कार्यालय र गाउँपालिका मातहतको सबै ७ वटै वडामा सहजिकरणको जिम्मेवारी पाएको संस्थाको तर्फबाट मत सर्वेक्षक हिरालाल गुरुङ र चित्र बहादुर गुरुङलाई खटाईयो । कार्यक्रमको बारेमा सूचना प्रशारण प्रकाशन गर्न सुरु गरियो । जस अन्तर्गत गाउँपालिकाको सूचना पाटी तथा सबै वडा कार्यालयहरुमा सूचना टाँस गरियो । यस्तै इच्छाकामना न्युज डटकम अनलाईन, इच्छाकामना न्युज डटकमको आधिकारिक फेसबुक पेज, इच्छाकामना गाउँपालिकाको आधिकारिक फेसबुक पेज, मनकामना एफ. एम. ९८.७ मेगाहर्ज साथै विभिन्न सामाजिक सञ्जाल मार्फत सूचना प्रकाशन प्रशारण गरियो ।

प्रचार प्रसार सूचना सामाग्री अडियो पेनड्राइभमा उपलब्ध छ भने अनलाईनमा प्रकाशित सूचना सामाग्री र वडाकार्यालयहरुमा टाँसिएको सूचना सामाग्री अनुसूची १ मा छ ।

## नागरिक सर्वेक्षण

यस पटक गाउँपालिकाको कार्यालय सेवा लिन आउने सेवा ग्राहीले के-कस्तो असुविधाहरु भोगेका छन् ?, कार्यालयको सेवा प्रवाहमा सेवा ग्राही के चाहन्छन् ?, कार्यालयको सेवा प्रवाह प्रति सेवा ग्राहीको प्रतिक्रिया के छ ? लगायत करिब २ दर्जन प्रश्नहरुको साथ ३ दिन गाउँपालिका कार्यालयमै रहेर सर्वेक्षण कार्य गरियो । भने ७ दिन गाउँपालिकाको सबै वडाकार्यालयहरुमा पुगेर सर्वेक्षकहरु मार्फत मत सर्वेक्षण कार्य गरियो । सर्वेक्षणको क्रममा ५० जना नागरिकहरु सहभागी भएका थिए । नागरिक सर्वेक्षणको लागि सहजिकर्ताको जिम्मेवारी पाएको संस्थाको तर्फबाट सर्वेक्षक हिरालाल गुरुङ र चित्र बहादुर गुरुङ फिल्डमा खटिनु भएको थियो । मत सर्वेक्षणको अन्तिम नतिजा अनुसूची २ मा छ ।

## सार्वजनिक सुनुवाई कार्यक्रम

इच्छाकामना गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रमको लागि तोकिएको मिति २०८० चैत २९ गते बिहिबार १ बजे सुरु गर्ने भनिए पनि कार्यक्रम निर्धारित समय भन्दा करिब ३० मिनेट ढिला गरि १:३० बजेबाट सुरु गरियो । कार्यक्रम २ घण्टा सञ्चालन गर्ने भनिए पनि निर्धारित समय भन्दा करिब ३० मिनेट बढि अर्थात ४:०० बजेसम्म सञ्चालन भएको थियो । कार्यक्रमलाई औपचारिक रुपमा सहजकर्ता संस्था इच्छाकामना ब्रोडकाष्टिङ मिडिया प्रा.लि.का प्रतिनिधि पत्रकार संजय पोखरेलले सहजकर्ताको भुमिका सुरु गर्नुभयो । कार्यक्रमको सुरुमा

इच्छाकामना गाउँपालिकाका अध्यक्ष दान बहादुर गुरुङले अध्यक्षता ग्रहण गर्नुभयो । यसपछि इच्छाकामना गाउँपालिकाका उपाध्यक्ष माया सिलवाल, प्रमुख प्रशासकिय अधिकृत चन्द्रकान्त बस्नेत, वडाध्यक्षहरु, कर्मचारीहरु, तथा विभिन्न आमन्त्रित व्यक्तिहरुलाई आसन ग्रहण गराएर सुनुवाईको चरण सुरु भयो । यसपछि कार्यक्रममा इच्छाकामना गाउँपालिकाका उपाध्यक्ष माया सिलवालले कार्यक्रममा सहभागीहरुलाई स्वागत र गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चन्द्रकान्त बस्नेतले आर्थिक वर्ष २०८०/०८१ को दोस्रो चौमासिकसम्ममा गाउँपालिकामा भए गरेका कामहरु संक्षिप्त जानकारी गराउनुभयो । यसपछि कार्यक्रमका सहजकर्ता संस्थाका प्रतिनिधि पत्रकार चित्र बहादुर गुरुङले सेवाग्राहिसँग गरिएको सर्वेक्षणको नतिजा वाचन गरिया । यो सँगै सार्वजनिक सुनुवाई कार्यक्रमको आचारसंहिता बारे सहजकर्ताले सहभागीहरुलाई जानकारी गराउनुभयो । उक्त आचार संहिता अनुमोदन सँगै सहभागीहरुलाई इच्छाकामना गाउँपालिकाको सेवा प्रवाह बजेट, कार्यक्रम, परियोजनाको विषयमा सम्बन्धि लिखित तथा मौखिक रुपमा प्रश्नहरु गर्नका लागि मञ्च खुल्ला गरियो ।

## कार्यक्रममा सहभागीहरू

सार्वजनिक सुनुवाई कार्यक्रममा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष वडाध्यक्ष, बोर्ड सदस्य प्रमुख प्रशासकिय अधिकृत तथा कर्मचारीहरु, पालिका स्तरीय राजनैतिक दलका प्रतिनिधरुहरु, पूर्व जनप्रनिधिहरु, सामुदायिक संघ संस्थाका प्रतिनिधीहरु र सञ्चार कर्मीहरु लगायत सर्वधारणहरुको उल्लेख्य उपस्थिती रहेको थियो । उपस्थित सबै महानुभावहरुको उपस्थिती उठाईएको छ र सो को विवरण अनुसूची ३ मा उल्लेख गरिएको छ

## कार्यक्रम तस्विर र भिडियो

सार्वजनिक सुनुवाई कार्यक्रमको तस्विर र भिडियो पनि तयार पारिएको छ । तस्विरको विवरण अनुसूचि ४ मा उल्लेख गरिएको छ भने भिडियोको विवरण पेनड्राइभमा गाउँपालिकाको आईटि शाखामा उपलब्ध गराईएको छ ।

## कार्यक्रमको समाचार

सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न पश्चात विभिन्न सञ्चारमाध्यममा कार्यक्रम सम्पन्नताको समाचारहरु प्रकाशित भएको थियो सो सम्बन्धि विवरण अनुसूची ५ मा उल्लेख गरिएको छ ।

## लिखित तथा मौखिक प्रश्नको जवाफ

सार्वजनिक कार्यक्रममा सहभागीहरुलाई लिखित तथा मौखिक प्रश्न राख्न खुला गरेसँगै २ जना सहभागीको प्रश्न लिएर उक्त प्रश्नको जवाफ गाउँपालिका अध्यक्ष दान बहादुर गुरुङ,

उपाध्यक्ष माया सिलवाल, प्रमुख प्रशासकिय अधिकृत चन्द्रकान्त बस्नेतले दिनुभएको थियो । कार्यक्रममा उठेका प्रश्नहरुको सूचि साथै मौखिक प्रश्नहरु र लिखित मौखिक सबै प्रश्नहरुको जवाफ भिडियो रेकर्डका साथ पेनड्राइभमा गाउँपालिकाको आईटि शाखामा उपलब्ध गराईएको छ ।

**निष्कर्ष**:

इच्छाकामना गाउँपालिकाको मिति २०८० चैत २९ गते बिहिबार सम्पन्न सार्वजनिक सुनुवाई कार्यक्रम सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो । कार्यक्रममा सबैले शिष्ट र सभ्य भाषाको प्रयोग गरी प्रश्न सोध्ने काम भयो । कोहि कसैबाट व्यक्तिगत रिसइवी साध्ने, व्यक्तिगत आरोप, प्रत्यारोप र लाञ्छना लगाउने काम भएन । झण्डै आधा दर्जन भन्दा बढि सहभागीहरुबाट विभिन्न विषयमा करिब २ दर्जन भन्दा बढि प्रश्नहरु गरिए । त्यस्तै केहि सहभागीहरुले पछिल्लो समय गाउँपालिकाको सामुदायिक विद्यालयहरुको शिक्षा गुणस्तर कमजोर हुदै गएकोले यसमा ध्यान दिन आग्रह गरेका थिए भने आर्थिक मन्दीका कारण गाउँका किसान तथा स्थानीय व्यवसायीहरुले कर्जाको ब्याज भुक्तानी समेत गर्न गाह्रो भैरहेकोले आगामी दिनमा उनीहरुलाई उकास्नका निम्ति ब्याजमा अनुदान दिने व्यवस्था गाउँपालिकाले गर्नुपर्ने सेवाग्राहीले सुझाव दिएका थिए । अन्त्यमा यसरी नै नागरीकको गुनासोहरुलाई गाउँपालिकाले सम्बोन्धन गर्न सके आगामी दिनमा नागरिकको गुनासोहरु कम हुदै जाने र नागरिकको गाउँपालिका प्रति विश्वास बढ्दै जाने देखिन्छ ।

# अनलाईनमा प्रकाशित सूचना सामाग्री


## अनुसूची १







# वडाकार्यालयमा टाँस गरिएको सूचना सामाग्री

## अनुसूची १














# सार्वजनिक सुनुवाई कार्यक्रम-२०८०

**नागरिक सर्वेक्षण नतिजा** (अनुसूची २)

सर्वेक्षणमा सहभागी संख्याः ५०

१. तपाई यस कार्यालयमा किन आउनु भएको हो ?

| | | | |
|---|---|---|---|
| क) सिफारिश लिन | २३ | ख) दर्ता नविकरण | १० |
| ग) आर्थिक सहयोग लिन | २ | घ) योजनाको माग गर्न | ० |
| ङ) योजनाको मूल्याङ्कन गराउन | ५ | च) नक्सापास लिन | ० |
| छ) कर तिर्न | ५ | ज) समस्या राख्न | ५ |

२. सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी छ ?

| | |
|---|---|
| क) स्पष्ट जानकारी पाए | १० |
| ख) ठिकै पाए | २७ |
| ग) अस्पष्ट छ । कुरै बुझ्न गाह्रो छ । | २ |
| घ) कर्मचारीसँग सोधिखोजी गरेपछि जानकारी पाईन्छ । | ११ |
| ङ) कर्मचारीसँग सोधीखोजी गर्दापनि जानकारी पाउन सकिन | ० |

३.) कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा बुझेर काम गरिदिए ?

| | |
|---|---|
| क) बुझेर काम गरिदिए | ४१ |
| ख) थोरै बुझेजस्तो लाग्यो | ९ |
| ग) वास्तै गरेनन् | ० |
| घ) मेरो आवश्यकता प्रति चासो दिएनन | ० |

४. यस कार्यालयको कर्मचारीले तपाईलाई कस्तो व्यवहार गरे ?

| | |
|---|---|
| क) मिलनसार र मैत्रीपूर्ण | ३८ |
| ख) मुस्कान सहितको काम गरिदिए | ९ |
| ग) झर्किए | ० |
| घ) कोठा कोठा चाहार्न लगाए | ३ |

५) सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण-कागजात र शुल्क-दस्तुर) बारे तपाईलाइ थाहा छ ?

| | |
|---|---|
| क) छ | २९ |
| ख) छैन | ० |
| ग) सोधेपछि थाहा पाईन्छ । | २१ |
| घ) सोधे पनि थाहै पाइन्न । | ० |

६) पछिल्लो समय यस कार्यालयले व्यवसाय दर्ता, योजनाको सम्झौता तथा रकम भुक्तानीको सेवा वडाबाटै प्रदान गर्न अपनाईएको प्रक्रिया तपाईलाई कस्तो लाग्यो ?

| | |
|---|---|
| क) एकदम राम्रो लाग्यो | १९ |
| ख) ठीकै लाग्यो | २९ |
| ग) पालिकामै गर्दा ठीक थियो | ० |
| घ) लामो झन्झटिलो | २ |

७) यस कार्यालयमा नागरिक वडापत्रमा लेखिए अनुसार सेवा पाईन्छ कि पाईदैन ?

| | |
|---|---|
| क) पाईन्छ । | २९ |
| ख) पाईदैन । | १४ |
| ग) नागरिक वडापत्र त देखाउन मात्र हो । | ७ |

८) यस कार्यालयका कर्मचारीको दैनिकी तपाईले कस्तो पाउनु भो ?

| | |
|---|---|
| क) समयमा उपस्थित हुन्छन् । | ४६ |
| ख) समयको पालना गर्दैनन् । | ३ |
| ग) फोन र फेसबुक मै भुलिरहन्छन् । | १ |

९) यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउछन् ?

| | |
|---|---|
| क) एकैछिनमा गरिदिन्छन् | २७ |
| ख) १ दिन | १६ |
| ग) २ दिन | ३ |
| घ) सो भन्दा धेरै दिन | ४ |

१०) यस कार्यालयमा आएर सेवा लिदा तपाईले कसको सहयोग लिनु भो ?

| | |
|---|---|
| क) आफैले काम गरे | २७ |
| ख) कर्मचारीको सहयोग लिए | २० |
| ख) ठूलाबडाको सहयोग लिए | ३ |
| ग) मध्यस्तकर्ता वा दलालको सहयोग लिए | ० |

११) यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनुभयो ?

| | |
|---|---|
| क) १ पटक मै काम भयो | ४० |
| ख) २ पटक आउनुपर्‍यो | ७ |
| ग) सो भन्दा बढि धाउनु पर्‍यो | ३ |

१२) तपाईलाई यस कार्यालय र वडाहरुको भौतिक अवस्था कस्तो लाग्छ ?

| | |
|---|---|
| क) अति राम्रो | २३ |
| ख) ठिकै लाग्छ | २७ |
| ग) खत्तम छ | ० |
| घ) काम चल्ने अवस्था नै छैन | ० |

१३) तपाईको विचारमा यस गाउँपालिकामा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?

| | |
|---|---|
| क) धेरै भएको छ | ५ |
| ख) ठिकै भएजस्तो लाग्छ | ३७ |
| ग) उपभोग नै छैन | ० |
| घ) हामीलाई थाहै छैन | ८ |

१४) यस कार्यालयमा कुनै कामको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनुपर्छ ?

| | |
|---|---|
| क) दिनुपर्छ | २ |
| ख) अलिअलि दिनुपर्छ | १ |

| | |
|---|---|
| ग) मागिदैन र दिईदैन पनि | ४७ |
| घ) मागेर लिन्छन् | ० |

१५) यस कार्यालय र वडा कार्यालयको सरसफाईको अवस्था कस्तो छ ?

| | |
|---|---|
| क) राम्रो छ | १३ |
| ख) ठिकै छ | ३७ |
| ग) खत्तम छ | ० |
| घ) कार्यालय जस्तै लाग्दैन | ० |

१६) यस कार्यालय र वडा कार्यालयमा गुनासो गर्दा त्यसमाथि कारवाहि कत्तिको गरिन्छ ?

| | |
|---|---|
| क) तुरुन्तै हुन्छ | १५ |
| ख) पटकपटक भनेपछि मात्रै हुन्छ | ३२ |
| ग) जति भने पनि हुन्न | १ |
| घ) कसैलाई मतलबै हुन्न | २ |

१७) तपाईको विचारमा गाउँपालिकामा विकाश निर्माणको अवस्था कस्तो छ ?

| | |
|---|---|
| क) राम्रो छ | १७ |
| ख) ठिकै लाग्छ | २९ |
| ग) खत्तम छ | ० |
| घ) बजेट सकिएको छ काम भएको छैन | ४ |

१८) यस कार्यालयबाट योजनाको बिल भूक्तानी दिने व्यवस्था कस्तो छ ?

| | |
|---|---|
| क) सहज छ | १९ |
| ख) ठिकै लाग्छ | २९ |
| ग) अप्ठ्यारो अवस्था छ | २ |

१९) योजनाहरु सञ्चालन गर्दा गाउँपालिकाबाट खटिएका प्राविधिहरुलाई रकम दिनुपर्छ ?

| | |
|---|---|
| क) पर्दैन | ३७ |
| ख) मागेरै लिन्छन् | ० |
| ग) रकम नदिए अप्ठ्यारो पार्छन् | १ |
| घ) मागे पनि दिदिन | १२ |

२०) यस कार्यालय र वडा कार्यालयहरुमा भएका कर्मचारीहरुमा शीप कस्तो छ ?

| | |
|---|---|
| क) आवश्यक शीप छ | ४० |
| ख) आवश्यकता भन्दा कम शीप छ | ७ |
| ग) शीप निकै कम छ | २ |
| घ) काम गर्ने ढङ्ग नै छैन | १ |

२१) यस कार्यालयको आम्दानी खर्चको विवरणको बारेमा तपाईलाई कसरी जानकारी हुन्छ ?

| | |
|---|---|
| क) घरघरमा आउँछ | १ |
| ख) सूचना हेरेर थाहा पाईन्छ | ३७ |
| ग) वडावडामा जानकारी गराईन्छ | १ |

| | |
|---|---|
| घ) कुनै जानकारी नै हुदैन | ११ |

२२) यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतको बारेमा जानकारी पाउनुभएको छ ?

| | |
|---|---|
| क) जानकारी पाएको छु | १६ |
| ख) कहिलेकाही जानकारी पाएको छु | २१ |
| ग) सोधीखोोजी नै गर्दिन | ६ |
| घ) थाहै छैन | ७ |

२३) यस गाउँपालिकाको निर्वाचित जनप्रतिनिधी र कर्मचारीको बिचमा कस्तो सम्बन्ध छ ?

| | |
|---|---|
| क) मिलनसार र सेवा मैत्रीपूर्ण | ४६ |
| ख) औपचारिक मात्रै | १ |
| ग) सम्बन्ध खासै राम्रो छैन | ३ |
| घ) कर्मचारी एकातिर जनप्रतिनिधी अर्कातिर छन् । | ० |
| ङ) आपसमा कटुता छ । | ० |

२४) यस गाउँपालिकामा निर्वाचित जनप्रतिनिधीहरुको व्यवहार कस्तो लाग्छ ?


| | |
|---|---|
| क) मिनलसार छन् सबैको काम गरिदिन्छन् | ४५ |
| ख) पक्षपात छन्, आफ्नै पार्टी मात्र हेर्छन् | ५ |
| ग) आफ्नै स्वार्थ मात्र हेर्छन् | ० |
| घ) कसैको कसैलाई मतलवै छैन । | ० |

२५) यस गाउँपालिका कार्यालयलाई केहि सुझाव छ कि ?

- ५ नं वडा कार्यालयको नयाँ भवन बन्दा पनि अहिलेम्म नसर्दा सेवाग्राहीलाई गाह्रो भो छिटो सर्नुपऱ्यो
- जनताको काम सहज सरल छिटो हुने गरि गरिदिनुपऱ्यो ।
- सरकारबाट जनतालाई दिएको सेवा सुविधा अनुदानहरु फिर्ता नगरी जनतालाई नै उपलब्ध गराईदिनुपऱ्यो ।
- साक्षरता नभएका मानिसलाई निवेदन लेखिदिने व्यवस्था गरिदिनुपऱ्यो ।
- कर्मचारी नभएका कारण मेरोका काम हुन सकेन कम्तीमा जुन दिन जुन कर्मचारी हुदैन त्यो दिन त्यो काम गर्न अर्को कर्मचारी खटाउनुपऱ्यो त्यस्तो नहुदाँ टाढाबाट आएको हामीले दुःख पायौ ।
- इस्टिमेट अनुसार पुग्ने बजेट रकम व्यवस्था गर्नुपऱ्यो त्यसो नगर्दा उपभोक्तालाई घाटा भएर पैसा हाल्नुपर्दा गाह्रो भो ।
- गाउँको बाटोहरु बर्खामा पनि चल्ने गरि बनाईदिए राम्रो हुन्थ्यो ।
- भत्ता टोलमै भए पनि ल्याएर बाडिदिए राम्रो हुन्थ्यो पदमपुर पुग्नुपर्दा बुढाबुढिलाई गाह्रो भो ।
- भुक्तानी वडाबाट गर्ने भनिए पनि प्रक्रिया पुरानो पाराको झंन्झटिलो छ छिटो छरितो गर्नुपऱ्यो ।
- योजनको काम गर्दा छिटो भुक्तानी गराईदिनुपऱ्यो ।
- योजनाको काममा कर्मचारीले सहयोग गनुपऱ्यो ।
- पालिकाले बजेट बारे टोल टोलमा सूचना दिनुपऱ्यो ।
- वडा नं. ३ मा पनि गाउटोलमै गएर भत्ता बाडिदिए राम्रो हुन्थ्यो ।
- थप सेवा विस्तार गरिदियोस् ।
- जनप्रतिनिधि कार्यालयमा कम उपस्थित भएकोले घरघरमा हस्ताक्षर गराउन जानुपर्ने ।
- योजना निर्माण तथा तर्जुमा गर्दा टोल भेला गराई आवश्यकताको पहिचान गरि प्राथमिकिकरण गरेर विनियोजित गरियोस्, समग्रमा अरु सबैकुराहरु सन्तोष जनक छ।

# सहभागीहरूको उपस्थिति

## अनुसूची ३




-श्री-


आज मिति २०८० चैत २९ गतेका दिन इच्छाकामना गाउँपालिका ... अध्यक्ष ... बहादुर गुरुङको अध्यक्षतामा इच्छाकामना गाउँपालिकाको ... आर्थिक वर्ष २०८०/०८१ ... सेवा ... कार्यक्रम ... सहभागीहरूको उपस्थिति ... गरियो।

उपस्थिति

१. अध्यक्ष ... बहादुर गुरुङ
२. उपाध्यक्ष माया सिलवाल
३. प्रमुख प्रशासकीय अधिकृत चन्द्रलाल ...
४. ... इच्छाकामना
५. ...
६. प्रताप गुरुङ ...
७. ... इच्छाकामना ...
८. लक्ष्मणी ... वडा अध्यक्ष
९. चेत बहादुर ... -२
१०. रुद्र प्रसाद उप्रेती ४ वडा अध्यक्ष
११. नर बहादुर नेपाल ३
१२. ... बहादुर थापा मगर ६
१३. राज कुमार नेपाल ६ ...
१४. बलराम सिलवाल ... कुरीनटार
१५. हीरालाल गुरुङ ... इच्छाकामना ... (...)
१६. ओम बहादुर मगर इच्छाकामना - ८
१७. अन्जु ... गुरुङ इच्छाकामना - ६
१८. ... इच्छाकामना (...)
१९. सीता ... ३ नं ...
२०. चित्र बहादुर गुरुङ ...
२१. मन कुमारी समाल
२२. प्र० स० नि० ... चौधरी
२३. प्र० स० ... यादव
२४. ... त्रिपाठी इच्छाकामना ...
२५. ... इच्छा... ५
२६. ... गुरुङ विवि



२७. ...
२८ राम शरण सिलवाल
२९. योगेन्द्र कुमाल
३०. नेपाल ... जातीय मुक्ति समाज ...
३१. प्रकाश लामिछाने
३२ ... मल्याउँ ... स लि
३३. तुलसा थापा साना किसान कृषि सहकारी लि. दारेचोक
३४. विमला ... वित्तीय साक्षरता सहजकर्ता
३५. सरस्वती गिरी उद्यम विकास सहजकर्ता
३६ विपना सूर्यवंशी लेखापाल
३७. प्रतिक्षा कोइराला आ. लेप सहायक पाँचौं
३८ दिपा ... - फिल्ड सहायक
३९ समिक्षा पौडेल कृषि विकास शाखा अधिकृत (सातौं)
४०. उमेश कुमार चौधरी ना. प्रा. स (कृषि)
४१ ... रानामगर सदस्य वडा ४
४२. तेज कुमार धमला अधिकृत छैठौं (इ.गा.पा.)
४३. उदगाम तिमिल्सिना लेखा अधिकृत
४०. बासु पण्डित अधिकृत सातौं
४१ पार्वती मगराती अधिकृत छैठौं
४२ हरि ... देवकोटा जनस्वास्थ्य निरीक्षक
४३ राजेन्द्र ब. ... प्रा. स. (शिक्षा)
४४ सुरज सिलवाल शिक्षण पेशा
४५ ... बहादुर ... अधिकृत सातौं
४६ ... उद्यमी सहजकर्ता
४७ डा. रेनु सिलवाल नि. मे. सु ... (इच्छाकामना अस्पताल)
४८ नवराज अधिकारी जनस्वास्थ्य निरीक्षक
४९. डा. सुनिल बनाली पशुपन्छी विकास शाखा
५०. आशिष त्रिपाठी कृषि अधिकृत
५१. प्रमोद पोखरेल इच्छाकामना - ६
५२. ... बहादुर गुरुङ - इच्छाकामना - २
५३ मिन बहादुर श्रेष्ठ होटल व्यवसायी संघ अध्यक्ष
५४ पवन B. गुरुङ इच्छाकामना (... )
५५ ... बहादुर गुरुङ इच्छाकामना ६
५६ संजय ... पत्रकार



५६. राम चन्द्र सिलवाल
५७ अम्बिका कडेल
५८ हिरा गुरुङ
६० डा० सन्तोष कुमार
६१ सरिता त्रिपाठी
६२ प्रकृति लामा
६१ ... ओझा
६.२ सन्तोष थापा
६३ सन्त बहादुर गुरुङ
६४ सागर लामा
६५ सुक माया थापा

# कार्यक्रमका तस्वीरहरु

## अनुसूची ४




















# कार्यक्रम सम्पन्नता बारे सञ्चारमाध्यममा प्रकाशित समाचारहरु

## अनुसूची ५

